नेपाल राष्ट्र बैंक
विराटनगर कार्यालय

# सामान लिलामको सिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७३/१२/१४)

यस कार्यालयका देहाय वमोजिमका पुराना सवारी साधन, अन्य पुंजिगत सम्पत्ति, फुटकर फर्निचर तथा फुटकर सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम विक्री गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति वा फर्महरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र बोलपत्र फाराम खरिद गरी १६ औं दिनको १ वजेभित्र (उक्त दिन विदा परेमा कार्यालय खोलेको पहिलो दिन) सिलवन्दी वोलपत्र देहायको शर्तहरुको अधिनमा रही पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| समूह | लिलाम हुने सामान | न्यूनतम मुल्य |
|---|---|---|
| १ | <u>सवारी साधन</u> | |
| | *(क) बस (बा.१.क ४६११)* | रु.२,८१,९४७।- |
| | *(ख) जिप (बा.४.च ६३६)* | रु.६,६९,१४६।- |
| | *कुल न्यूनतम मूल्य* | रु.९,५१,०९३/- |
| | अक्षरेपी: रु. नौलाख एकाउन्नहजार त्रियानव्वे मात्र । | |
| २ | <u>अन्य पूंजिगत सम्पत्ति, फुटकर फर्निचर तथा फुटकर सामानहरु</u> | |
| | *(क) अन्य पूंजिगत सम्पत्ति* | रु.२४,०००/- |
| | *(ख) फुटकर फर्निचर तथा फुटकर सामानहरु* | रु.९०,२१५/- |
| | *कुल न्यूनतम मूल्य* | रु.१,१४,२१५/- |
| | अक्षरेपी: रु.एकलाख चौधहजार दुईसय पन्ध्र मात्र । | |

१. सिलबन्दी बोलपत्र मिति २०७३ चैत्र २९ गते दिनको २:०० बजे (उक्त दिन विदा परेमा कार्यालय खुलेको पहिलो दिन) यस कार्यालयमा खोलिनेछ ।
२. बोलपत्रसाथ कबोल गरेको रकमको ५ (पाँच) प्रतिशतले हुन आउने रकम बराबर यस कार्यालयको सण्ड्री क्रेडिटर्स हिसाव (१५०९९९९.०११.००३.५२४) मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ ।
३. माथि तालिकामा लेखिएका प्रत्येक समूहको लागि छुट्टा छुट्टै बोलपत्र पेश गर्नु पर्नेछ ।
४. समूह १ (सवारी साधन) को बोलपत्र फाराम रु.७००।- (फिर्ता नहुने गरी) र समूह २ (अन्य पुंजिगत सम्पत्ति, फुटकर फर्निचर तथा फुटकर सामानहरु) को बोलपत्र फाराम रु.५००।- (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयको आन्तरिक प्रशासन फांटबाट लिन सकिनेछ ।
५. लिलाममा भाग लिने इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नविकरण गरेको), स्थायी लेखा नम्वर लिएको वा मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।
६. यो सूचना तथा बोलपत्रका शर्तहरु नेपाल राष्ट्र बैंकको वेबसाइट <u>www.nrb.org.np</u> हेर्न पनि सकिनेछ ।
७. लिलाम हुने सम्पुर्ण सामानहरुको विवरण तथा सोको न्युनतम मुल्य यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ । लिलाम हुने सामानहरु हेर्न र बुझ्न चाहेमा यस कार्यालयको आन्तरिक प्रशासन फांटमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

निर्देशक